**नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

**र**

**काठमाण्डौ इन्स्टिच्युट अफ चाइल्ड हेल्थ**

**बिचको सम्झौता पत्र**

---

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (जसलाई यस पछि प्रथम पक्ष भनी सम्बोधन गरिएको छ) र काठमाण्डौ इन्स्टिच्युट अफ चाइल्ड हेल्थ, (जसलाई यस पछि दोश्रो पक्ष भनी सम्बोधन गरिएको छ) का बिच सार्वजनिक निजि साझेदारी (PPP) मोडेलमा आधारित रही देहायका प्रावधानहरूको अधिनमा रही बाल अस्पताल निर्माण तथा सञ्चालन गर्न मिति २०७८/०६/२० गते यो सम्झौता पत्रमा हस्ताक्षर गरिएको छ।

१. परिचय

**१.१.स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः** स्वास्थ्य तथा जनसंख्या मन्त्रालय नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची १ को क्र.सं. २१ मा उल्लेखित मन्त्रालय हो जसले ऐ. नियमावलीको अनुसूची २ को क्र.सं. २१ अन्तर्गत उल्लेख गरिएका कार्य सम्पादन गर्दछ।

**१.२ काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थ** (KIOCH): बुढानीलकण्ठ न. पा. वडा न. ७, काठमाडौं, बागमती प्रदेशमा अवस्थित मुनाफा रहित संस्थाका रूपमा कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता भएको संस्था हो। यो संस्था समाज कल्याण परिषदमा समेत आबद्ध छ । संस्थाले काठमाडौंमा एक केन्द्रिय बाल अस्पताल र अन्य प्रदेशहरूमा प्रादेशिक बाल अस्पतालको निर्माण तथा सञ्चालन गर्ने तथा गुणस्तरीय तथा सर्वसुलभ बाल स्वास्थ्य सेवा सहज रुपमा उपलब्ध गराउने उद्देश्य लिएको छ । गैर-नाफामुलक संस्था भएकाले यसको सञ्चालन सेवामुखी शैलीबाट गरिने छ।

२.सम्झौताको औचित्य

२.१. सन् २०११ को जनगणना अनुसार ०-१८ वर्ष उमेर समूहका बालबालिकाहरूको संख्या ४१.८४% (करिब १ करोड ३० लाख) रहेको;

२.२. सरुवा रोगका कारणले भन्दा नसर्ने रोगका कारणले मर्ने बालबालिकाको संख्यामा वृद्धि भएको; देशका बालबालिकाका निम्ति सीमित अस्पतालहरूमा करिब २००० शय्या मात्र बाल बालिकाको लागि छुट्ट्याइएको तथा यी अस्पतालहरूमा बालबालिकाका लागि विशिष्टकृत सेवाको अभाव रहेको;

२.३.१५औं योजनाको स्वास्थ्य रणनीति ३ मा जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा सुलभ रूपमा प्रदान गर्न सार्वजनिक निजी साझेदारीको नमुना अवलम्बन गर्ने रणनीति रहेको;

२.४. बालस्वास्थ्य सरकारको पहिलो प्राथमिकताको क्षेत्र रहेको र दीगो विकासका लक्ष्यहरूमा पनि बाल स्वास्थ्य रहेको;

२.५.दोस्रो पक्षलाई काठमाण्डौमा बाल अस्पताल सञ्चालन गर्नका लागि नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७६।९।७ निर्णयबाट बुढानीलकण्ठ नगरपालिका वडा नं. ७ मा ४१-१०-३-० क्षेत्रफलको जग्गा ३० वर्षका लागि लिजमा प्राप्त भएको र भवन निर्माण कार्य शुरू भएको;

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

Kathmandu Institute of Child Health
KIOCH
2017

३. पक्षहरूको जिम्मेवारी

३.१. प्रथम पक्षको जिम्मेवारी

३.१.१.दोस्रो पक्षको भवन निर्माण, सञ्चालनका लागि आवश्यक उपकरण, चिकित्सकीय सामग्री, प्रविधि तथा मानवीय श्रोतको विकासर स्वीकृति प्रयोजनार्थ चाहिने नीतिगत सहयोग, समन्वय र सहजीकरण गर्ने ।

३.१.२.पहिलो पक्षअन्तर्गत हाल सञ्चालनमा रहेका एवं भविष्यपरक बाल स्वास्थ्य र उपचारात्मक स्वास्थ्यका कार्यक्रमहरूमा दोस्रो पक्षलाई समावेश गराउने ।

३.१.३.दोस्रो पक्षलाई संस्थाको उद्धेश्यसँग मेल खाने विकासका साझेदार संस्थाहरू, दाताहरूसँग सम्पर्क स्थापनामा प्रचलित ऐन नियम भित्र रही दोस्रो पक्षबाट माग भई आएमा आवश्यकतानुसार सहजीकरण गर्न सकिने ।

३.२दोस्रो पक्षको जिम्मेवारी

३.२.१.बालबालिकाहरूलाई सर्वसुलभ स्वास्थ्य सेवा प्रदान गर्न बाग्मती प्रदेशको काठमाडौंमा कम्तिमा एक सय १०० शय्या र बाँकी६ प्रदेशहरूमा कम्तिमा पचास शैयाका बाल अस्पताल निर्माण र सञ्चालन गर्ने।

३.२.२. राष्ट्रिय प्राथमिकता प्राप्त बाल स्वास्थ्य कार्यक्रममा सहयोग पुर्याउने।

३.२.३ बाल स्वास्थ्यका क्षेत्रमा राष्ट्रिय स्वास्थ्य अनुसन्धान परिषदको समन्वयमा विविध प्रकारका शोध तथा अनुसन्धान गर्ने।

३.२.४ बाल स्वास्थ्यका क्षेत्रमा विकसित मुलुकहरूका समान उद्देश्य राख्ने संस्थाहरूसँग सहकार्य गरी अनुभव तथा उन्नत प्रविधिको प्रयोगका माध्यमले सेवाको गुणस्तरीयता सुधार गर्ने।

३.२.५. दोस्रो पक्षबाट प्रवाह भईरहेका सेवाहरूको रिपोर्टिंग एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (IHMIS) मा तोकिएको ढाँचामा नियमित रूपमा प्रतिवेदन पठाउने।

३.३.६. नेपाल सरकारले तोकेका अन्य कार्य गर्ने।

४. सम्झौताको अवधि

यो सम्झौता हस्ताक्षर भएको मितिबाट लागु हुनेछ ।यसको अवधि ५ वर्षको हुनेछ तथा दुबै पक्षको सहमतिमा अवधि थप गर्न सकिनेछ।

हस्ताक्षर

| प्रथम पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
| --- | --- |
| ............................................ | ............................................ |
| नाम थरः डा. गुणराज लोहनी | नाम थरः प्रा. डा. भगवान कोइराला |
| पदः नीति, योजना तथा अनुगमन महाशाखा प्रमुख | पदः अध्यक्ष |

इति सम्बत् २०७८/६/२० साल गते शुभम्।